सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक २४ ♦ २०८३ साल कार्तिक १४ शनिवार ♦ 31 Oct 2026♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

जनकपुरधाम-अयोध्या विशेष रेल सेवा सञ्चालनको अन्तिम चरणमा

खबर दर्पण समाचारदाता

कार्तिक १३ गते, बर्दिवास

जनकपुरधामदेखि भारतको पवित्र तीर्थस्थल अयोध्यासम्म विशेष रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणको क्रममा दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा सो विशेष रेल सेवाको उद्घाटन गर्नेगरी तयारी भइरहेको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए ।

“प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा उक्त विशेष रेल सेवाको उद्घाटन गर्ने गरी हामी तयारीमा जुटेका छौं”, प्रबन्ध सञ्चालक पराजुलीले भने, “यस विषयमा नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबीच विभिन्न चरणमा छलफल भइरहेको छ ।” उद्घाटनको मिति तय नभए पनि प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा रेल सेवा उद्घाटन गर्ने तयारी भइरहेको छ । प्रधानमन्त्री शाहले मङ्सिर ६ गतेदेखि भारत भ्रमण गर्ने तयारी छ ।



जनकपुरधामबाट अयोध्यासम्म रामायण सर्किटअन्तर्गत विशेष रेल सेवा सञ्चालन गर्न आवश्यक पूर्वतयारीका विषयमा छलफल भइरहेको प्रबन्ध सञ्चालक पराजुलीले बताए । नेपालतर्फको रेलखण्डमा नेपाली सुरक्षा निकाय तथा भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु र रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा सैद्धान्तिक सहमति भएको छ ।

केही दिनअघि नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको टोलीले विशेष निरीक्षण यानमार्फत जयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण गरेका थिए । जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालनमा आएपछि दुई देशबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप सुदृढ हुनुका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई प्रत्यक्ष रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष जीतेन्द्र महासेठले बताए ।

विशेष रेल सेवा सञ्चालनले नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने छ । हाल भारतको जयनगरदेखि नेपालको जनकपुर धाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ ।

चाडपर्वका कारण पूर्वपश्चिम महेन्द्र राजमार्ग विस्तारको काम ठप्प

खबर दर्पण समाचारदाता

कार्तिक १३ गते, बर्दिवास

प्रमुख चाडपर्वका कारण पूर्वपश्चिम महेन्द्र राजमार्ग विस्तारको काम ठप्प बनेको छ । सर्लाही, महोत्तरी र धनुषा जिल्लामा पर्ने कमला-ढल्केबर-बागमती खण्डको राजमार्ग चार लेनमा विस्तार गर्न खटिएका अधिकांश कामदार दसैँअघि नै घर गएका छन् । उनीहरू तिहार तथा छठसम्म पर्व मनाउन र धानबाली भित्र्याउन व्यस्त हुने छन् ।

धुलो उडेर कुहिरोमण्डल रहेको महेन्द्र राजमार्ग विस्तारको काम अझै एक महिनाजति ठप्प रहने सम्भावना छ । रसुवा कन्स्ट्रक्सनका प्रतिनिधि विश्वमित्र रिजालले कामदार अभावले गर्दा राजमार्गको काम रोकिएको जानकारी दिनुभयो । चाडपर्व, कामदार अभाव र मौसमसमेत प्रतिकूल बनेकाले काममा बाधा पुगेको रिजालको भनाइ छ । उहाँले भन्नुभयो, “दसैँअघि गएका कामदारलाई अब बिचमा बोलाउने अनि फेरि पठाउने गर्नुभन्दा एकै पटक छठपछि आउने गरी छुट्टी दिएका छौं । चाडबाड सकिएपछि फटाफट काम हुन्छ ।” तीन वटै जिल्लामा अहिले फाट्टफुट्ट एक/दुई ठाउँमा पुलको काम गरिरहेका दुई/चार जना कामदार मात्र देखिन्छन् । कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का आयोजना प्रमुख एवं सिनियर डिभिजन इन्जिनियर राजेशकुमार दासले राजमार्ग विस्तारमा दसैँ बिदाको प्रभाव देखिएको बताउनुभएको छ ।

अहिले छिटपुट पुलका काम भए पनि सडकको काम छठपछि हुने आशमा बसिरहेको दासको भनाइ छ । उहाँले भन्नुभयो, “मुख्य काम त सडकको हो तर सडकको काम नै प्रारम्भ भएको छैन । दुई/चार जना कामदार खटिएर यसो पुलको काम मात्र गरेको देखिन्छ ।” राजमार्ग विस्तारका लागि ठेक्का लागेको अवधि ७० प्रतिशत गुज्रिसकेको तर काम भने ३० प्रतिशतको हाराहारीमा भएको आयोजना प्रमुख दासको भनाइ छ । ३० प्रतिशत काम पनि पुल निर्माणतर्फको मात्र हो ।

अत्यन्त सुस्त गतिमा अघि बढेको राजमार्ग विस्तारको कामलाई गति दिन विभिन्न सरकारी निकाय र निर्माण व्यवसायीलाई बारम्बार घचघच्याउने काम गरिरहेको आयोजना प्रमुख दासले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “साइड क्लियर गराउन म आफैँ कहिले जनकपुर त कहिले जलेश्वर धाइरहेको छु तर पनि लक्ष्य अनुसार प्रगति हुनै सकेको छैन ।”

दुई साताअघि पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले निर्माणाधीन महेन्द्र रामाजर्गको निरीक्षण गर्दै निर्माणमा ढिलो हुँदै गए नागरिकले धुलोसहितको अन्य सास्ती लामो समयसम्म खेप्नुपर्ने भएकाले कामको गति बढाउन निर्देशन दिनुभएको थियो । उहाँले अलपत्र अवस्थामा रहेको सडकका कारण नागरिकले सास्ती खेप्नु परेको चिन्ता व्यक्त गर्नुभएको छ ।



तीन वर्षभित्र धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर सडकलाई बजार क्षेत्रमा छ लेन र अन्यत्र चार लेनमा विस्तार गर्न पहिलो खण्ड कमला पुलदेखि बडहरीसम्म (२२ किलोमिटर) भारतको इकेके इन्फ्रास्ट्रक्चर लिमिटेडले ठेक्का लिएको छ । दोस्रो खण्ड बडहरीदेखि सर्लाहीको फूलजोरसम्म (२९ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन र तेस्रो खण्ड फूलजोरदेखि बागमती पुलसम्म (२३ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन कम्पनीले नै ठेक्का सकार गरेका छन् । परियोजना कार्यालयका अनुसार धनुषा खण्डमा ३० प्रतिशत, महोत्तरी खण्डमा २८ प्रतिशत र सर्लाहीमा ३६ प्रतिशत काम सम्पन्न भएको छ ।

निर्माण व्यवसायीले पुलको कामपछि अब चाडबाड सकिनासाथ सडकको काम गर्ने तयारी रहेको तर धेरै ठाउँमा साइड क्लियर नभएको तथा माटोको चरम अभाव रहेको गुनासो गरेका छन् । माटोको उत्खनन र सहज आपूर्तिका लागि सडक आयोजनाले जिल्ला प्रशासन, जिल्ला प्रहरी, डिभिजन वन कार्यालय, पालिकालगायत निकायसँग समन्वय र संवाद अघि बढाएको छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक

शाही शासन सम्झाउने शुक्रबारे धरपकड

खबर दर्पण समाचारदाता

असोज १३ गते, बर्दिवास

तत्कालीन राजा ज्ञानेन्द्र शाहले कुनै ठूला घटनाहरू घटाउनुपरे शुक्रबार रोज्ने गर्थे । १९ माघ २०६१ मा सक्रिय शासन लाद्दैगर्दा सुरक्षाफौजलाई मिडिया हाउसमा धरपकड गर्न पठाएका थिए । ०६१ माघ १९ त संयोगले मंगलबार परेको थियो, तर प्रधानमन्त्री बालेन शाह नेतृत्वको रास्वपा सरकारले शाही शासनकै झल्को दिनेगरी पत्रकारमाथि धरपकड गर्न भने शुक्रबारको साइत रोजेको छ ।

संविधानको प्रस्तावनामै सुनिश्चित गरिएको पूर्ण प्रेस स्वतन्त्रताको मर्म विपरीत बालेन सरकारले विभिन्न सञ्चारमाध्यमको समाचार कक्षमै प्रवेश गरेर पत्रकारहरुलाई धरपकड र गिरफ्तार गरेको हो ।

साइबर ब्यूरो र अपराध अनुसन्धान कार्यालयबाट सादा पोशाकमा खटिएका प्रहरी अधिकारीहरुले केही पत्रकारहरुलाई पक्राउ गरेका छन् । केहीलाई प्रहरीले खोजी गरिरहेको छ । प्रहरीले अस्वभाविक रुपमा धरपकड गर्न खोजेपछि केही पत्रकार सम्पर्कविहीन भएका छन् ।

भन्न त प्रधानमन्त्री कार्यालयले भनेको छ- धरपकडबारे हामीलाई थाहा छैन । प्रधानमन्त्री निकट स्रोतको दाबीमा यो उनीहरुले होइन, बरु प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले आफ्नो आलोचना गरेर समाचार लेख्ने पत्रकार र सञ्चारमाध्यमहरुलाई लक्षित गरी धरपकड अभियान चलाएका थिए ।

तर प्रधानमन्त्रीको टिमलाई पूर्वजानकारी दिएर नै कार्कीले पत्रकार हरूलाई नियन्त्रणमा लिन, उनीहरूको उपकरण जफत गर्ने र समाचार एवं सूचनाको स्रोत पहिचान गर्ने रणनीति सहित निर्देशन दिएको खुलेको छ ।

उच्च स्रोतका अनुसार, कार्कीले मातहतमा निर्देशन दिँदा 'प्रधानमन्त्रीज्यू र गृहमन्त्रीज्यूको निर्देशन रहेको' स्पष्टै उल्लेख गरेका थिए । प्रधानमन्त्रीको सचिवालयका केही महत्वपूर्ण पात्रसँग समन्वय गर्दै उनले धरपकड गर्ने सञ्चारमाध्यम र पत्रकारको सूची तयार पारेको सूचना प्राप्त छ ।

धरपकडको अग्रभागमा आइजीपी दानबहादुर कार्की देखिए पनि पृष्ठभागमा सरकार सन्चालनमा सक्रिय केही पात्र नै यसबारे जानकार तथा कारक देखिन्छन् ।

सरकारले प्रेसमाथि धरपकड तीव्र पार्दै गर्दा सत्तारुढ रास्वपाले भने सरकारी कार्यशैलीको जमेर विरोध गरेको छ । कानुन कार्यान्वयनको आवरणमा स्वतन्त्र प्रेसलाई भयभीत बनाउने, सञ्चारगृहको गरिमामाथि प्रहार गर्ने र लोकतान्त्रिक संस्थाहरूलाई सङ्कुचित पार्ने कुनै पनि कार्यशैली तथा गतिविधीहरू लोकतान्त्रिक आचरण अनुकूल हुन सक्दैन भनी रास्वपाले वक्तव्य दिएको छ ।

'सञ्चारमाध्यमलाई नियमन गर्ने अधिकारप्राप्त संस्थाहरू क्रियाशील रहेको अवस्थामा स्थापित कानुनी र संस्थागत बाटोलाई छलेर सञ्चारकर्मीमाथि धरपकड गर्नु विधिको शासनको ठाडो उल्लङ्घन हो, यस्ता कदमलाई कुनै पनि अर्थमा न्यायोचित मान्न सकिँदैन,' रास्वपा प्रवक्ता तथा पूर्वसन्चारमन्त्री जगदीश खरेलले पार्टीको आधिकारिक वक्तव्यमा शुक्रबार साँझ भनेका छन्, 'जुनसुकै आवरण वा बहानामा सञ्चार माध्यमलाई त्रसित पार्ने, मनोवैज्ञानिक दबाबमा राख्ने वा सङ्कुचित गर्ने प्रयासहरू स्विकार्य छैनन्। तसर्थ, समाचार लेखेकै आधारमा केही सञ्चार कर्मीहरूलाई नियन्त्रणमा लिइएको र अन्यको खोजी जारी रहेको भन्ने समाचार हरूको सन्दर्भमा निष्पक्ष, पार दर्शी र यथार्थ छानबिन गरी



अविलम्ब सत्यतथ्य सार्वजनिक गर्न तथा गैरकानुनी ढङ्गले नियन्त्रणमा लिइएका सञ्चारकर्मीहरूलाई ससम्मान र बिनासर्त तत्काल रिहा गर्न हामी सम्बन्धित निकायसँग जोडदार माग गर्दछौं।'

पार्टी प्रवक्ता खरेलले कुनै पनि भय, त्रास र अनुचित दबाबका अगाडि नझुकी निर्भीकतापूर्वक सत्य, तथ्य र निष्ठाको पत्रकारिता लाई निरन्तरता दिन आह्वान गर्दै सम्पूर्ण सञ्चार जगत्प्रति हार्दिक ऐक्यबद्धता प्रकट गरेको समेत उल्लेख गरेका छन् ।

शुक्रबारका धरपकडलाई प्रधानमन्त्री कार्यालयले स्वामित्व लिन भने इन्कार गरेको छ । सरकार र सत्तारुढ दलबीचको विवाद समेत यस धरपकड घटनाले थप बाहिर ल्याइदिएको छ ।

तर योसँगै अर्को सवाल एकसाथ सुरु भएको छ । पार्टीका वरिष्ठ नेताको नेतृत्वमा मन्त्रिपरिषद् गठन भए पनि के रास्वपा नेतृत्वले यो सरकारमाथिको नियन्त्रण गुमाएको हो त भन्ने प्रश्न पनि सँगसँगै उठेको छ ।

पार्टी र सरकारबीच जेसुकै विवाद भएको भए पनि प्रश्न त्यसभन्दा गहिरो देखिन्छ । संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित गरिएको तथा प्रेस स्वतन्त्रतालाई समेत मौलिक हकका रुपमा सुनिश्चित गरिएको अवस्थामा पत्रकारहरु धरपकड भएको छ ।

यो घटनाप्रति कानूनविद् एवं सरोकारवालाहरुले विरोध गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, प्रतिपक्षीहरु एमाले लगायत पार्टीका नेताहरुले प्रेसमाथिको सरकारी धरपकडको तीव्र आलोचना गरेका छन् ।

'यो घटना शाही शासनकालको झल्को दिने दिने खालको छ । सरकार नै यस्ता धरपकडजन्य क्रियाकलापमा उत्रिनु उचित होइन' नेपाल बार एशोसिएसनका अध्यक्ष विजयप्रसाद मिश्रले सँग भने, 'पत्रकारहरुलाई पक्राउ र दमन गरेर सरकार सफल भएको उदाहरण विश्वभर कतै पनि भेटिदैन । यो राम्रो संकेत पनि होइन ।'

नेपालको संविधानको धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थामा 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन' भन्ने व्यवस्था छ ।

नेपाल बार एसोसिएसनका पूर्व उपाध्यक्ष एवं वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई सञ्चारमाध्यमहरुमा भएको धरपकडलाई राजा ज्ञानेन्द्रको शासनलाई माथ खुवाउने घटना भन्छन् ।

'यो घटना गैरसंवैधानिक, संवैधानिक सर्वोच्चता र विधिको शासन विपरीत र लोकतन्त्रकै धज्जी उडाउने प्रकृतिको निन्दनीय छ' भट्टराईले फेसबुकमा लेखेका छन्, 'गिरफ्तार पत्रकारको रिहाई मुल प्रश्न हुँदै होइन । यस्तो सरकार, प्रवृत्ति र रवैयाको विरुद्ध र लोकतन्त्रको रक्षाको लागि प्रत्येक सचेत नागरिकले आवाज बुलन्द गरौं । यो घटना 'बाख्रो हरायो होइन काल पल्कियो' भन्ने चिन्ता हो ।'

१९ माघ, २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासनससत्ता आफ्नो हातमा लिएपछि सञ्चारमाध्यमहरूमा हतियारधारी सैनिक पठाएर समाचार प्रकाशन र प्रशारणमा सेन्सर्सिप लगाएको थियो । त्यसपछि केही सञ्चारमाध्यममा उपकरणहरू जफत गर्ने काम समेत भयो । शाही सरकारको धरपकड विरुद्ध सर्वोच्च अदालतले दर्जनौं आदेश जारी गरेको थियो । सञ्चारमाध्यमहरुमाथि ज्यादती र दमनको उदाहरण दिनुपर्दा शाही सरकारको कामकार वाहीलाई 'शाही शासनकालीन' घटनासँग तुलना गरिन्छ ।

समाचार लेखेकै कारण पत्रकार पक्राउ हुने र उनीहरुको उपकरण नियन्त्रणमा लिएर अनुसन्धान गर्ने कानूनी व्यवस्था समेत छैन । यही संवैधानिक एवं कानूनी व्यवस्थाप्रति संकेत गर्दै अनलाइनखबरका पूर्व प्रधानसम्पादक तथा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले शुक्रबार अपरान्हको घटनालाई समाचारको स्रोत पत्ता लगाउने नाममा प्रहरीले समाचार कक्षमा प्रवेश गरिनुलाई 'संविधान सकिएको' भनी टिप्पणी गर्छन् ।

'समाचारको स्रोत पत्ता लगाउन समाचार कक्षमा छिरेर प्रहरीले पत्रकार पक्राउ गर्न थालेको हो भने यो मुलुकमा संविधान सकियो,' गाउँले भन्छन्, 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि लड्दै गरौंला, पहिले संविधान जोगाउन लड्नुपर्ने भयो ।'

बाँकी पृष्ठ ३ मा

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यलय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

जलकुम्भीले भरिए औरहीका दुई छठघाट

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
कार्तिक १३ गते, महोत्तरी

छठ पर्व नजिकिँदै गर्दा महोत्तरी को औरही नगरपालिकाका दुई प्रमुख छठघाटका पोखरी जलकुम्भीले भरिएका छन्। पर्व आउन १६ दिन मात्रै बाँकी र हँदासमेत पोखरीको सरसफाइ तथा छठघाट व्यवस्थापनको काम सुरु हुन नसक्दा स्थानीयवासी चिन्तित बनेका छन्।

औरही नगरपालिका-१ स्थित औरही गाउँको पूर्वपट्टि रहेको पोखरी र वडा नं. २ स्थित श्री प्रसाद सिंह नमुना माध्यमिक विद्यालयको पछाडि रहेको पोखरीको अवस्था उस्तै छ। दुवै पोखरीमा वर्षौंदेखि स्थानीयवासीले छठ पर्व मनाउँदै आएका छन्। तर , अहिले पोखरी जलकुम्भी र फोहोर ले भरिएका छन्।

यस वर्ष कात्तिक २९ गते छठ पर्व मनाइँदैछ। पर्वको तयारीमा जुट्नुपर्ने समयमा समेत पोखरीको सरसफाइ सुरु नहुँदा व्रतालु तथा श्रद्धालु भक्तजनलाई समस्या हुने देखिएको छ। नगरपालिकाको मातहतमा रहेका दुवै पोखरीको व्यवस्थापनमा सम्बन्धित निकायले चासो नदेखाएको स्थानीयवासीको गुनासो छ।

नगरपालिकाले वडा नं. १ को औरही गाउँको पूर्वपट्टि रहेको पोखरी र वडा नं. २ स्थित विद्यालय पछाडिको पोखरी ठेक्कामा लगाउँदै आएको छ। स्थानीयका अनुसार दुवै पोखरीको पुरानो ठेक्का सम्झौताको म्याद समाप्त भइसकेको छ। ठेक्काबापत नगरपालिकाले असुल गर्नुपर्ने राजस्वसमेत बाँकी रहेको विषय स्थानीयस्तरमा चर्चामा छ। औरही नगरपालिकाका नगर प्रमुख प्रदीपकुमार खड्काले दुवै पोखरीको नयाँ ठेक्काका लागि नगर पालिकाले आवेदन खुला गरिसकेको जानकारी दिनुभयो। पुरानो ठेक्का सम्झौताको म्याद समाप्त भइसकेको उल्लेख गर्दै उहाँले ठेक्काबापत असुल गर्नुपर्ने राजस्व उठाउन नगरपालिका कानुनी प्रक्रियामा रहेको बताउनुभयो।

औरही नगरपालिका-२ निवासी घनश्याम यादवले वर्षौंदेखि स्थानीयवासीले श्रद्धापूर्वक छठ मनाउँदै आएको पोखरीको अवस्था दयनीय हुँदा पनि सरसफाइमा ढिलाइ हुनु दु:खद भएको बताउनुभयो।

वर्षौंदेखि यसै पोखरीमा स्थानीयवासीले छठ पर्व मनाउँदै आएका छन्। अहिले पोखरी जलकुम्भीले भरिएको छ। पर्व आउन केही दिन मात्रै बाँकी रहँदा पनि सरसफाइ सुरु भएको छैन, उहाँले भन्नुभयो, नगरपालिका तथा सम्बन्धित जनप्रतिनिधिले तत्काल ध्यान दिएर पोखरी सफा गराउनुपर्छ। छठ हाम्रो आस्था, विश्वास र संस्कृतिसँग जोडिएको पर्व भएकाले यसको व्यवस्थापनमा सबैले जिम्मेवारी लिन आवश्यक छ।

त्यस्तै,औरही नगरपालिका-१ निवासी सुशील ठाकुरले गाउँको पूर्वपट्टि रहेको पोखरीको अवस्था पनि दयनीय रहेको बताउनुभयो। उहाँले नगरपालिकाको मातहतमा रहेको पोखरीको सरसफाइ र व्यवस्थापन गर्ने जिम्मेवारी नगर पालिकाकै भएको उल्लेख गर्दै समयमै सरसफाइ नगरे व्रतालु तथा श्रद्धालुलाई समस्या हुने बताउनुभयो।

पोखरी जलकुम्भी र फोहोरले भरिएको छ। समयमै सरसफाइ नगरे छठ मनाउन आउने भक्तजनलाई समस्या हुन्छ, उहाँले भन्नुभयो,नगरपालिकाले तत्काल पोखरी सफा गरी छठघाट व्यवस्थित बनाउनुपर्छ।

औरही नगरपालिका-२ निवासी हरि यादवका अनुसार छठ पर्वका बेला स्थानीयवासीले आपसी सहयोगमा चन्दा सङ्कलन गरी छठघाटमा टेन्ट तथा बत्तीको व्यवस्था गर्दै आएका छन्। तर,यस वर्ष पोखरीकै सर सफाइ नहुँदा स्थानीयवासी निराश छन्।

हरेक वर्ष स्थानीयवासी आफैँले चन्दा सङ्कलन गरेर टेन्ट र बत्तीको व्यवस्था गर्दै आएका छन्। तर,यस वर्ष पोखरी नै जलकुम्भीले भरिएको छ। न नगरपालिकाले चासो देखाएको छ,न वडा कार्यालयले नै, उहाँले भन्नुभयो, स्थानीयवासीले चन्दा उठाएर टेन्ट र बत्तीको व्यवस्था गर्नु आफ्नो ठाउँमा छ, तर पोखरीको सरसफाइ गर्ने जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्छ।

स्थानीयवासीले गाउँका साझा समस्या समाधानमा राजनीतिकर्मी तथा युवाहरूको सक्रियता पनि अपेक्षित रूपमा नदेखिएको गुनासो गरेका छन्। आगामी निर्वाचनलाई लक्षित गर्दै विभिन्न राजनीतिकर्मी तथा युवाहरूले राजनीतिक आकाङ्क्षा व्यक्त गरिरहेको भए पनि गाउँको धार्मिक, सांस्कृतिक तथा सामाजिक सरोकारका विषयमा आवश्यक पहल हुन नसकेको उनीहरूको भनाइ छ। गाउँका साझा समस्यामा छलफल गर्ने, आवाज उठाउने र समाधानका लागि सामूहिक पहल गर्ने संस्कार कमजोर हुँदै गएको स्थानीयको बुझाइ छ।

औरही नगरपालिका-१ निवासी रामवरण मण्डलले नगरपालिका स्थापना हुनुअघि दीपावली आउनुभन्दा अगाडि गाउँभरि सामूहिक सरसफाइ गर्ने चलन रहेको स्मरण गर्नुभयो। तर, नगर पालिका स्थापना भएपछि पहिलेझैँ सामूहिक सरसफाइ कार्यक्रम सञ्चालन हुन नसकेको उहाँको भनाइ छ।

मण्डलका अनुसार खत्वे समाजले भने हरेक वर्ष औरही नगरपालिका-१ स्थित महादेव पोखरी अगाडि छठ पर्व मनाउने स्थानमा पर्वको एक दिनअघि सामूहिक रूपमा सडक सरसफाइ गर्दै आएको छ। उहाँले गाउँको सरसफाइलाई नियमित कार्यक्रमका रूपमा सञ्चालन गर्न नगरपालिका तथा वडा कार्यालयले ध्यान दिनुपर्ने बताउनुभयो।

छठ पर्व तराई-मधेशको प्रमुख धार्मिक तथा सांस्कृतिक पर्व हो। यस पर्वमा व्रतालुहरूले पोखरी, नदी तथा अन्य जलाशयमा पुगेर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा छ। जलाशयको स्वच्छता र छठघाटको सरसफाइ यस पर्वसँग प्रत्यक्ष रूपमा जोडिएकाले यसको व्यवस्थापनलाई विशेष महत्त्व दिइन्छ।

पर्व नजिकिँदै जाँदा पनि पोखरीको अवस्था सुधार हुन नसके व्रतालु तथा श्रद्धालु भक्तजनलाई छठ मनाउन कठिनाइ हुने देखिएको छ। स्थानीयवासीले नगरपालिकाका जनप्रतिनिधि तथा सम्बन्धित निकायलाई तत्काल पहल गरी दुवै पोखरीबाट जलकुम्भी हटाउन, सर सफाइ गर्न र छठघाट व्यवस्थित बनाउन माग गरेका छन्।

शाही शासन सम्झाउने.....

प्रेस काउन्सिल नेपालले प्रकाशित समाचारको विषयमा पत्रकार हरुमाथि भएको धरपकडको विरोध गरेको छ । 'प्रहरी प्रधान कार्यालयबाट जारी विज्ञप्तिको पृष्ठभूमिमा भएको यस घटनाले प्रेस स्वतन्त्रता र पत्रकारको व्यावसायिक सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ,' काउन्सिलको विज्ञप्तिमा छ, 'समाचारकै विषयमा सिधै प्रहरी परिचालन गर्नुको सट्टा काउन्सिलको स्थापित विधि र प्रक्रियाबाट समाधान खोज्न नेपाल सरकार, प्रहरी प्रशासन तथा सम्बद्ध सबै पक्षलाई काउन्सिल आग्रह गर्दछ ।'

प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष डा. कुमार शर्मा आचार्य समाचार लेखेकै आधारमा पत्रकारहरुलाई पक्राउ गर्नु गैरसंवैधानिक हुने बताउछन् ।

बरिष्ठ अधिवक्ता समेत रहेका पूर्वअध्यक्ष आचार्य संविधानले नै प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेकाले समाचारमा त्रुटी भइहालेमा अरु कानूनी उपचार खोज्न सकिने बताउछन् ।

'समाचारको विषयवस्तु गलत छ भने सच्याउने प्रक्रिया छन् । त्यतिले नपुगे कारवाही गर्ने छुट्टै संयन्त्र छ' आचार्य भन्छन्, 'तर समाचार लेखेकै आधारमा पक्राउ पक्राउ गर्न मिल्दैन । त्यसो गरियो भने गैरसंवैधानिक काम हुनजान्छ । हाम्रो संविधान र कानूनले त्यस्तो परिकल्पना गरेको छैन ।'

सर्वोच्च अदालतमा बहसपैरवी गर्ने कानून व्यवसायीहरूको संगठन सर्वोच्च अदालत बार एसोसिएसनका सचिव रमण कर्ण पत्रकार हरुमाथिको धरपकडलाई अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई संकुचित पार्ने प्रयास ठान्छन् ।

'सरकारले प्रहरी प्रयोग गरेर यो कदम चाल्नु भनेको संविधानलाई समाप्त पार्नु हो' कर्ण भन्छन्, 'सत्यतथ्य बाहिर ल्याउदा पत्रकार हरुमाथि धरपकड हुन्छ भने मुलुकमा कहाँ कानूनी शासन बाँकी रहन्छ र ? यो तानाशाही प्रवृतिको पराकाष्ठा हो ।'

-अनलाइन खबर

मानवअधिकार संरक्षण .....

जानकारी दिनुभयो। संविधान जारी भएको एक दशकको समीक्षा गर्दै मौलिक हक, मानव अधिकार, संघीयता, समावेशिता, सुशासन तथा तीन तहका सरकारको भूमिका र सेवा प्रवाहमा देखिएका उपलब्धि तथा चुनौतीबारे छलफल गर्नु कार्यक्रमको उद्देश्य रहेको उहाँले बताउनुभयो। साथै, संविधानको प्रभावकारी कार्यान्वयन र मानव अधिकार संरक्षणका लागि नागरिक समाजको आवाज सशक्त बनाउनु कार्यक्रमको अपेक्षित उपलब्धि रहेको उहाँको भनाइ थियो।

मधेश प्रदेशमा मानवअधिकार संरक्षणको क्षेत्रमा क्रियाशील व्यक्तिहरूको सहभागिता रहेको बैठकमा नेपालको संविधान कार्यान्वयनको एक दशकका अवसर र चुनौती विषयमा छलफल गरिएको थियो। छलफलका क्रममा संविधान निर्माणपछिको राजनीतिक परिवर्तन, संवैधानिक व्यवस्थाको कार्यान्वयन, संघीयताको अभ्यास, मानवअधिकारको अवस्था, मौलिक हक, सामाजिक न्याय तथा तीन तहका सरकार बीचको समन्वयका विषयमा समीक्षा गरिएको थियो।



गौशाला नगरपालिका, महोत्तरी

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

अनुरोधकर्ता :

औरही नगरपालिका

महोत्तरी

मधेश प्रदेश

१५ वर्षदेखि अलपत्र कमला पुलको पुनर्निर्माणले लियो गति

खबर दर्पण समाचारदाता

कार्तिक १३ गते, बर्दिवास



धनुषा र सिरहालाई जोड्ने हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुलको पुनर्निर्माणले गति लिएपछि लामो समयदेखि सास्ती भोग्दै आएका स्थानीय बासिन्दामा आशा पलाएको छ ।

निर्माणको अन्तिम चरणमा पुगेका बेला बाढीका कारण पुल भासिएपछि निराश बनेका स्थानीय अहिले पुनर्निर्माणको काम अघि बढेसँगै पुल सञ्चालनमा आउने प्रतीक्षामा छन् ।

करिब १५ वर्षअघि निर्माण सुरु भएको कमला पुल लामो समयसम्म सम्पन्न हुन सकेको थिएन । निर्माण अन्तिम चरणमा पुगेका बेला करिब चार वर्षअघि आएको बाढीले पुलको एक भाग भासिएपछि आयोजना थप अन्योलमा परेको थियो । त्यसपछि पुल निर्माणको काम सुस्त हुँदा धनुषा र सिरहाका हजारौँ सर्वसाधारणको आवागमन प्रभावित हुँदै आएको थियो ।

अधुरा तथा अलपत्र आयोजनाको निर्माण सम्पन्न गर्न सरकारले कडाइ गरेपछि कमला पुलको पुनर्निर्माणले पछिल्लो समय गति लिएको हो । भासिएको संरचनाको पुनर्निर्माणसँगै पुललाई सुरक्षित र सञ्चालनयोग्य बनाउने काम अघि बढाइएको छ ।

कमला नगरपालिकाका नगर प्रमुख विशेश्वर यादवका अनुसार भासिएको स्थानमा नयाँ पिलर निर्माण भइरहेको छ । आवश्यकताअनुसार थप पिलर राखेर पुलको संरचना मजबुत बनाउने काम पनि भइरहेको उनले बताए । भासिएको भागको छाना पुनः ढलान गर्ने काम अघि बढेकाले यसपटक पुल निर्माण सम्पन्न हुनेमा स्थानीय आशावादी बनेको उनको भनाइ छ ।

कमला नदीमाथिको यो पुल सञ्चालनमा आए जनकपुर धामबाट सिरहा, सप्तरीलगायत हुलाकी राजमार्ग आसपासका सहर तथा बस्तीमा पुग्न सहज हुनेछ । अहिले लामो दूरी घुमेर यात्रा गर्नुपर्ने बाध्यता हट्ने र धनुषा तथा सिरहाबीचको आवागमन छोटो हुने विश्वास गरिएको छ ।

पुल निर्माणमा भएको ढिलाइले स्थानीयलाई वर्षौंदेखि सास्ती दिँदै आएको छ । पुल सञ्चालनमा नआउँदा सर्वसाधारणले नदी वारपार गर्न जोखिमपूर्ण विकल्प अपनाउनुपरेको थियो । कतिपय अवस्थामा बाँसबाट बनाइएको अस्थायी लच्का तथा डुङ्गाको सहारा लिनुपर्ने अवस्था थियो । वर्षायाममा नदीको बहाव बढ्दा आवतजावत झनै कठिन र जोखिमपूर्ण हुने गरेको थियो । सवारी साधनबाट नदी पार गर्न नसकिने भएपछि स्थानीयलाई पूर्वपश्चिम राजमार्ग हुँदै लामो दूरी तय गर्नुपर्ने वा भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो । यसले दैनिक आवतजावत गर्ने सर्वसाधारण, विद्यार्थी, बिरामी, व्यापारी तथा यात्रुलाई प्रत्यक्ष असर पारेको थियो । पुल निर्माणमा भएको ढिलाइका कारण स्थानीयको समय र खर्च दुवै बढ्दै आएको थियो ।

कमला पुल निर्माणका लागि स्थानीय बासिन्दाले पटकपटक दबाबमूलक आन्दोलनसमेत गर्दै आएका थिए । जनकपुरधामलाई सिरहा र सप्तरीसँग छोटो दूरीमा जोड्ने महत्त्वपूर्ण पूर्वाधार भएकाले पुल चाँडो सम्पन्न गर्नुपर्ने उनीहरूको माग रहँदै आएको थियो । पुल निर्माणको विषय पटक-पटक उठे पनि कामले अपेक्षित गति लिन नसक्दा स्थानीयको असन्तुष्टि बढ्दै गएको थियो ।

स्थानीयले यसअघि मधेश प्रदेश सरकारसँग पनि पुल निर्माण सम्पन्न गराउन पहल गर्न आग्रह गरेका थिए । तर, हुलाकी राजमार्ग संघीय सरकार मातहतको आयोजना भएकाले प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्र नपर्ने विषय भन्दै प्रत्यक्ष रूपमा निर्माण अघि बढाउन नसक्ने जनाएको थियो । यसले पुल निर्माणको जिम्मेवारी र ढिलाइबारे विभिन्न तहका सरकारबीच प्रश्नसमेत उठाएको थियो ।

कमला नदीमाथि पुल नहुँदा धनुषा र सिरहाका स्थानीयबीचको सामाजिक, आर्थिक तथा व्यावसायिक सम्बन्धसमेत प्रभावित हुँदै आएको छ । पुल सञ्चालनमा आएपछि दुवै जिल्लाका बासिन्दालाई बजार, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा अन्य सेवा केन्द्रसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ । विशेषगरी जनकपुरधाम र सिरहा-सप्तरी क्षेत्रबीचको यातायात सम्पर्कमा सुधार आउने विश्वास गरिएको छ ।

लामो समयदेखि अलपत्र रहेको पुलको पुनर्निर्माणले गति लिए पनि स्थानीयको मुख्य चासो अब निर्माण कार्य कहिले सम्पन्न हुन्छ र पुल कहिलेदेखि नियमित रूपमा सञ्चालनमा आउँछ भन्नेमा केन्द्रित छ । विगतमा पटकपटक ढिलाइ र अवरोध भोगेका स्थानीय यसपटक निर्माण कार्य निर्धारित समयमै सम्पन्न हुने अपेक्षामा छन् ।

मानवअधिकार संरक्षण मञ्च नेपालको मधेश प्रदेश समन्वय समिति गठन



खबर दर्पण समाचारदाता

कार्तिक १३ गते, बर्दिवास

मानवअधिकार संरक्षण मञ्च (मासम) नेपालको मधेश प्रदेश समन्वय समिति गठन गरिएको छ । मधेश प्रदेशमा मानवअधिकार संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा क्रियाशील रहेका मानवअधिकारकर्मीहरुको २०८३ कात्तिक १२ गते धनुषाको जनकपुरमा बसेको बैठकबाट नौ सदस्यीय प्रदेश समन्वय समिति गठन गर्ने निर्णय गरिएको हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) मधेश प्रदेश प्रमुख राजु पासवानको संयोजकत्वमा ,एमनेष्टि इन्टरनेशनल समुह ४६ कि जमुना भुजेल सह-संयोजक, दलित पत्रकार संघ मधेश प्रदेश अध्यक्ष कैलाश दास सचिव तथा इन्सेक प्रलेख अधिकृत ममता विश्वकर्मा , आफन्त नेपालकी धनुषा जिल्ला संयोजक अमृता घिमिरे , निलहिरा समाज मधेश प्रदेश संयोजक प्रदिप यादव , कायापलटका संस्थापक अध्यक्ष दिवाकर उप्रेती , नयाँ पत्रीका धनुषा जिल्ला संवाददाता हर्दिश खुद्दार र अपाङ्ग महिला कल्याणकारी संघ धनुषाकी अध्यक्ष ममता भट्ट सदस्यमा चयन हुनुभएको छ ।

संयोजक पासवानले मानव अधिकार संरक्षण मञ्च (मासम) नेपाल नेपालको मानव अधिकार आन्दोलनको अग्रणी संस्थामध्ये एक संस्था रहेको बताउनुभयो । २०४१ साल साउन १३ गते आस्थाका बन्दीहरूको न्यूनतम मानव अधिकार संरक्षण, राजनीतिक बन्दीहरूको रिहाइ तथा मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले स्थापना भएको पासवानले भन्नुभयो ।

त्यसैंगरी सह-संयोजक जमुना भुजेलले नेपालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध रहेको समयमा राजनीतिक बन्दीहरूको अवस्था, स्वास्थ्य उपचार, परिवारसँगको सम्पर्क, कानुनी सहायता तथा अधिकारका पक्षमा आवाज उठाउँदै संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार, लोकतन्त्र र राजनीतिक बन्दीहरूको अधिकारका पक्षमा निरन्तर पैरवी गर्दै आएको भन्नुभयो ।

सचिव कैलाश दासले मासम नेपालको ४३ औँ स्थापना दिवसको अवसरमा 'नेपालको संविधान कार्यान्वयनका दश वर्ष : अवसर र चुनौतीहरू' विषयमा कार्तिक १५ गते छलफलमूलक कार्यक्रम आयोजना गरिएको

बाँकी पृष्ठ ३ मा



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,